REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs   Date: 06.10.2025

यो आकाशवाणी गान्तोक हो।

CM-NB Bhandari: Dilliram Dulal

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज बिहान गान्तोकको सम्मान भवनमा आयोजित कार्यक्रममा राज्यका पूर्व मुख्यमन्त्री स्वर्गीय नर बहादुर भण्डारीको स्मरण गर्दै, आफूलगायत सिक्किम सरकार र सम्पूर्ण सिक्किमेली जनसमुदायको तर्फबाट स्वर्गीय भण्डारीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुभयो। स्मरण रहोस्, वर्तमान सरकारले स्वर्गीय भण्डारीको जन्मजयन्ती 5 अक्टोबरलाई उहाँको सम्मानमा सार्वजनिक बिदा घोषणा गरेको छ। मुख्यमन्त्रीले स्वर्गीय भण्डारी सिक्किमका सम्मानित नेता मात्र नभई सम्पूर्ण भारतीय नेपाली समुदायका लागि गौरवको प्रतीक भएको बताउँदै, उहाँका आदर्श, दृढ सङ्कल्प र सार्वजनिक सेवाप्रतिको आजीवन प्रतिबद्धताले सबैलाई प्रेरणा दिइरहेको उल्लेख गर्नुभयो।

Darjeeeling Incident: NSD

दार्जिलिङमा अविरल वर्षा र पहिरोका कारण २० भन्दा बढीको ज्यान गएको छ। मिरिक, खर्साङ, रोाङभाङ र पुलबजार सबैभन्दा बढी प्रभावित भएका छन्। कालेबुङ जिल्ला र अन्य भागमा वर्षा र पहिरोले व्यापक क्षति पुऱ्याएको छ। टिस्टा नदी उर्लिरहेको छ, धेरै स्थानमा राष्ट्रिय राजमार्गमा बाढी आएको छ, सवारी साधनको आवागमन ठप्प भएको छ। सिलगढीलाई जोड्ने राष्ट्रिय राजमार्ग-१० का धेरै स्थानमा यातायात बन्द भएको छ। मिरिकमा तेह्र जनाको मृत्यु भएको छ र चार जना घाइते भएका छन्। सुखिया पोखरी क्षेत्रमा ६ जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता छन्। बिजनबारीमा एक जनाको मृत्यु भएको छ। सिलगढी र मिरिकलाई जोड्ने दुधिया पुल भत्किएको छ अनि दार्जिलिङ, खर्साङ, मिरिक, कालेबुङ र सिक्किमबीचको यातायात अवरुद्ध भएको छ। त्यसबाहेक, धेरै घरहरू बगाएका छन् र खेतबारीहरू डुबानमा परेका छन्। सांसद राजु विष्ट र राज्यसभा सांसद हर्षवर्धन श्रृङलाले पीडितहरूलाई सहयोग गर्न हरसम्भव प्रयास गरिरहेका छन्। जिल्ला प्रशासन र स्थानीय निकायहरू राहत र उद्धार कार्यमा

जुटिरहेका छन्। राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति सी.पी. राधाकृष्णनले घटनाप्रति दुःख व्यक्त गर्दै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले ज्यान गुमाउनेहरूप्रति समवेदना व्यक्त गर्दै, पीडितहरूलाई यथासम्भव सबै सहयोगको आश्वासन दिनुभएको छ। गृहमन्त्री अमित शाहले सांसद राजु विष्टसँग कुराकानी गरेर स्थितिको जायजा लिनुभएको छ।

Mangan-Road: Wangchuk Bhutia

यता सिक्किममा,भारी वर्षाले गर्दा थेङमा चुङथाङ-मङ्गन सडक अवरुद्ध भएर दुबैतर्फ धेरै सवारी साधनहरू अलपत्र परेका थिए। तर साँझसम्म सडक पुनःस्थापित भएकाले सबै अलपत्र सवारी साधनहरूलाई यात्रा जारी राख्न अनुमति दिइएको छ। यद्यपि, निरन्तर वर्षाले साङकालाङ पुल नजिकैको सडकमा क्षति पुऱ्याएको छ र पहिरोका कारण चेकपोस्ट सार्नुपरेको छ।

MP-Cough Syrup: NSD

मध्य प्रदेशको छिन्दवाडा जिल्लामा कफ सिरप सेवन गर्दा ११ बालबालिकाको मृत्यु भएपछि, राज्य सरकारले कडा कारबाही गरेको छ। सिरप सिफारिस गर्ने डाक्टर र यसको निर्माण कम्पनी विरुद्ध एफ.आई.आर दर्ता गरिएको छ। डा. प्रवीण सोनीलाई हिजो राति पक्राउ गरिएको थियो। तमिलनाडुमा आधारित औषधि निर्माता कम्पनी श्रीसन फार्मास्युटिकल्स विरुद्ध मुद्दा दर्ता भएपछि, तमिलनाडुमा विशेष अनुसन्धान टोलीले यस विषयमा अनुसन्धान गर्दै छ। यसैबीच, हिजो जारी गरिएको एक प्रतिवेदनले कोल्ड्रिफ सिरपमा ४८.६ प्रतिशत हानिकारक डाइथिलिन ग्लाइकोलको मात्रा फेला परेको बताएको छ।

Flash Flood-Sikkim & NB: Dilliram Dulal

भारतीय मौसम विज्ञान विभाग, गान्तोकले बितेको २४ घण्टामा परेको मुसलधारे वर्षापछि सिक्किम, पश्चिम बंगाल र नजिकैका क्षेत्रहरूमा अचानक बाढीको चेतावनी जारी गरेको छ। केही क्षेत्रमा २५७ मिलीमिटरसम्म वर्षा भएको छ भने आगामी २४ घण्टामा १५८ मिलीमिटरसम्म घनघोर वर्षा हुने

पूर्वानुमान गरिएको छ। विभागको बुलेटिनमा पूर्व, पश्चिम, उत्तर र दक्षिण सिक्किमका साथै दार्जिलिङ, जलपाइगुडी, कोचबिहार र उत्तर दिनाजपुर लगायतका जिल्लाहरूमा मध्यमदेखि उच्च प्रकारको आकस्मिक बाढीको खतरा हुने बताइएको छ। असम र मेघालयका केही भागले पनि कमदेखि मध्यम जोखिमको सामना गर्न सक्छन्। जोखिमपूर्ण क्षेत्रहरूमा माटोको संतृप्ति सय प्रतिशतसम्म पुगेको हुनाले सतहमा पानीको बहाव बढ्ने र जलमग्न हुने जोखिम बढेको छ। तल्लो र बाढी-जोखिम क्षेत्रका बासिन्दाहरूलाई सतर्क रहन र स्थानीय अधिकारीहरूबाट आएका अपडेटहरू पालना गर्न सल्लाह दिइएको छ।

समाचार पूरा भयो। अब यसलाई लेप्चा भाषामा पनि सुन्नुहोस्।